# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, माघ १४ गते २०५२ साल (अतिरिक्ताङ्क ४२

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

टिकापुर विकास समिति (गठन) (एघारौं संशोधन) आदेश,२०५२

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को, दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "टिकापुर विकास समिति (गठन) (एघारौं संशोधन) आदेश, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधनः

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएका छन्:–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति– – अध्यक्ष

(ग) श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको स्थानीय समाजसेवी चार जना– – सदस्य

आज्ञाले,
डि. वि. भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।